स्वर्ग तिम्रो जुत्ताको फित्ता भन्दा पनि नजिक छ र नर्क पनि ।

अब्दुल्लाह बिन मस्ऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "स्वर्ग तिम्रो जुत्ताको फित्ता भन्दा पनि नजिक छ र नर्क पनि
।"
[सही] [बुखारीले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, कि स्वर्ग र नर्क मानिसदेखि त्यत्तिकै नजिक छ जति खुट्टाको माथिल्लो भागमा रहेको जुत्ताको फित्ता । किनकि अल्लाहलाई खुशी पार्ने असल कर्मको कारणले मानिस स्वर्गमा प्रवेश हुन सक्छ, भने अल्लाहलाई क्रोधित गर्ने पापले गर्दा नर्कमा जानसक्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/3581